# सूर्योदय नगरपालिकाको कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसाय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५

प्रस्तावनाः

नेपाल सरकारद्वारा घोषित १०० उत्कृष्ट गन्तव्यस्थलहरुको सूचीमा समावेश भएको पर्यटकीय नगरी सूर्योदय नगरपालिकाको कन्याम पर्यटकीय क्षेत्रको व्यवस्थित विकास, व्यवस्थापन एवम् कन्याम सौन्दर्यकरण गुरुयोजना (Kanyam Beautification Master Plan) लाई मूर्तरुप दिनका लागि,

साना मोबाइल ट्रली व्यवसायको सञ्चालन तथा व्यवस्थापनका लागि कार्यविधि बनाई लागु गर्न वाञ्छनीय भएकोले, सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/१२/१९ को बैठकबाट यो कार्यविधि बनाई लागु गरेको छ ।

**(१) संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसाय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५" रहनेछ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**(२) परिभाषाः** विषय वा प्रसंगले अन्यथा अर्थ नलागेमा, यस कार्यविधिमाः

(क) "नगरपालिका" वा "नगर" भन्नाले सूर्योदय नगरपालिका सम्झनुपर्छ ।

(ख) "नगर प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ग) "नगर कार्यपालिका" भन्नाले सूर्योदय नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) "नगर कार्यपालिकाको कार्यालय" भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ङ) "कन्याम पर्यटकीय क्षेत्र" भन्नाले सूर्योदय नगरपालिकाको वडा नं. ६,७ र ८ को कन्याम क्षेत्र बुझ्नुपर्छ ।

(च) "ट्रली" भन्नाले व्यवसायीहरुले व्यवसाय सञ्चालन गर्न प्रयोग गर्ने ठेलागाडी बुझ्नुपर्छ ।

(छ) "ट्रली व्यवसायी" भन्नाले कन्याम पर्यटकीय क्षेत्रमा कोशेली पसल, कस्मेटिक पसल, चिया पसल, दूध पसल, नास्ता पसल, ड्रेस अप (फोटो सुट) पसल तथा सब्जी पसल भन्ने बुझ्नुपर्छ ।

(ज) "सूचीकृत" भन्नाले व्यवसायीहरुको दर्ता बुझ्नुपर्छ ।

(झ) "माथिल्लो निकाय" भन्नाले सूर्योदय नगरपालिका सम्झनुपर्छ ।

(ञ) "सम्बन्धित निकाय" भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिका भन्ने सम्झनुपर्छ ।

**(३) व्यवसाय सञ्चालन प्रक्रियाः** (क) कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसाय गर्नका लागि व्यवसायीहरुले अनुसूची — १ बमोजिमको कागजातसहित सम्बन्धित वडा कार्यालयमा सूचीकृत हुनका लागि निवेदन दिनुपर्नेछ ।

(ख) उक्त निवेदन उपर नगर कार्यपालिकाले निर्णय गरी सूचीकृत गरिसकेपछि व्यवसायीहरुलाई परिचय पत्र प्रदान गरिनेछ ।

(ग) व्यवसाय सञ्चालन गर्नका लागि नगरपालिका क्षेत्रभित्रका नागरिकहरुलाई प्राथमिकतामा राखिनेछ ।

(घ) "एक परिवार, एक व्यवसाय" पद्दति अपनाइनेछ । एक परिवारले एउटा व्यवसाय मात्र सञ्चालन गर्न पाइनेछ ।

(ङ) तोकिएको व्यवसायभन्दा अन्य व्यवसाय सञ्चालन गर्न पाइने छैन । व्यवसायीले व्यवसायको प्रकार परिवर्तन गर्न चाहेमा दफा ६ बमोजिमको व्यवस्थापन समितिमा निवेदन दिनुपर्नेछ र उक्त समितिले औचित्य हेरी लिखित रुपमा व्यवसायको

प्रकार परिवर्तनका लागि स्वीकृति प्रदान गर्न सक्नेछ ।

(च) व्यवसाय सूचीकृत गर्दा आ.व. ०७५/७६ का लागि रु. ५०० प्रवेश शुल्क नगरपालिकामा बुझाउनुपर्नेछ । तर, महिला व्यवसायीका हकमा भने उक्त शुल्कमा ३५% छुट दिइनेछ । "ग" वर्ग ग सम्मका अपांगता भएका व्यक्तिहरुलाई ५०% छुट दिइनेछ ।

(छ) प्रत्येक आर्थिक वर्षको भाद्र मसान्तसम्ममा व्यवसायीहरुले वडामा गई आफ्नो व्यवसाय नवीकरण गर्नुपर्नेछ । नवीकरण दस्तुर नगर सभाले तोकेबमोजिम हुनेछ ।

(ज) व्यवसाय सञ्चालनका क्रममा कुनैपनि किसिमका समस्याहरु आएमा व्यवस्थापन समितिमा सम्पर्क राख्नुपर्नेछ ।

(झ) ट्रली निर्माण गर्दा नगरपालिकाद्वारा स्वीकृत अनुसूची — २ बमोजिमको डिजाइन अनुसार बनाउनुपर्नेछ।

(ञ) ट्रली राख्ने स्थान व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ ।

**(४) व्यवसायीहरुले पालना गर्नुपर्ने मापदण्डहरुः** (क) व्यवसायीहरुले अनिवार्य रुपमा परिचय पत्र साथमा राख्नुपर्नेछ ।

(ख) व्यवसायीहरुले नगरपालिकाले निर्धारण गरेको अनुसूची — ३ बमोजिमको डिजाइनको Hat (टोपी) अनिवार्य रुपमा लगाउनुपर्नेछ ।

(ग) प्रचलित कानूनले वर्जित गरेका एवम् प्रतिबन्धित वस्तु तथा सेवाको किनबेच गर्न पाइने छैन ।

(घ) व्यवसायीहरुले आफ्नो सामानहरुको सुरक्षाको जिम्मेवारी स्वयंले लिनुपर्नेछ ।

(ङ) मादक पदार्थ, सूर्तीजन्य पदार्थ, गुटखा, मधु, चुरोट विक्री वितरण गर्न पाइने छैन ।

(च) फोहोरको डस्टबिन बाहिर राख्न पाइने छैन ।

(छ) ठेलागाडीमा भएको डस्टविन मात्र प्रयोग गर्नुपर्नेछ।

(ज) प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग गर्न पाइने छैन ।

**(५) व्यवसाय दर्ता खारेजी गर्न सक्नेः** देहायका अवस्थामा नगरपालिकाले व्यवसाय दर्ता खारेजी गर्न सक्नेछ :

(क) बिना इजाजत पसल राखेमा

(ख) व्यवस्थापन समितिको स्वीकृतिबिना ट्रली राखेमा

(ग) प्रतिबन्धित सामानहरु विक्री गरेको पाइएमा

(घ) वातावरण खलल हुने बोली व्यवहार गरेमा

(ङ) अर्को व्यक्तिलाई व्यवसाय बेचेमा वा सञ्चालन गर्न दिएमा

(च) गैरकानूनी अवाञ्छित क्रियाकलाप गरेमा

(६) कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसाय व्यवस्थापन समितिको गठनः कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसायलाई नियमित रुपमा सञ्चालन तथा व्यवस्थापनका लागि देहाय अनुसारको व्यवस्थापन समिति गठन हुनेछः

(क) वडा नं. ६, ७ र ८ का वडाध्यक्ष - ३ जना

(ख) आर्किटेक्ट इन्जिनियर - १ जना

(ग) सम्बन्धित वडाका वडासचिव - १ जना

(घ) व्यवस्थापन समितिले मनोनयन गरेको २ जना महिला सदस्य - २ जना

**(७) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (क) आवेदकहरुले दिएको आवेदनको छनौट गर्ने ।

(ख) कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवस्थापन गर्ने गराउने ।

(ग) नियमित रुपमा अनुगमन निरिक्षण गर्ने गराउने ।

(घ) फोहरमैला सरसफाईको व्यवस्थापन गर्ने गराउने ।

(ङ) व्यवसायीलाई स्थानीय सहकारी तथा वित्तीय संस्थाहरुसँग समन्वय गराउने ।

(च) विपन्न परिवार छनौट गरेर अनुगमन गरी उद्यम कोषका लागि सिफारिस गर्ने ।

(छ) यस कार्यविधिको दफा ५ बमोजिम अनुगमन र नियमन गर्ने ।

**(६) विविधः** (क) यस कार्यविधिमा नभएको नियम कार्यान्वयन गर्नुपरेमा सूर्योदय नगर कार्यपालिकाको निर्णयबमोजिम हुनेछ ।

**(७) खारेजी र बचाऊः** (क) यस कार्यविधिका कुनै व्यवस्थाहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म बदर हुनेछ ।

अनुसूची — १

दफा ३ को उपदफा (क) सँग सम्बन्धित

सूचीकृत हुनका लागि व्यवसायीहरुले पेश गर्नुपर्ने कागजातहरु

१) व्यवसायीको नागरिकताको प्रतिलिपी — १ थान

२) व्यवसायीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो — ३ थान

३) वडा कार्यालयबाट स्थायी बसोबास प्रमाणित गरिएको सिफारिस

४) नगरपालिकामा बुझाउनुपर्ने सबै कर, दस्तुर बुझाएको रसिदको प्रतिलिपी

## अनुसूची- २

### दफा (३) को उपदफा (ण) सँग सम्बन्धित

ट्रलीको डिजाइन

## अनुसूची- ३

### दफा (४) को उपदफा (ख) सँग सम्बन्धित

टोपी (Hat)को डिजाइन